जहाँ छ मेरो जन्मभूमि,त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए,हुर्किएँ यस्तो पावन पवित्र पुण्यभूमिमा नाम हो यसको जलेश्वर॥– कवि पर्वेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. २/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ९ • अंक ३१४ • २०७९ भाद्र १८ गते शनिबार • 3 Sept. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## कक्षा १२ को नतिजा प्रकाशित, ४१७९ जनाले ल्याए ३.६-४ जिपिए

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १७ भाद्र




कक्षा १२ को नतिजा प्रकाशित गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डले गत जेठ १५ देखि २५ गतेसम्म लिइएको बोर्ड परीक्षाको नतिजा सार्वजनिक गरेको हो । सार्वजनिक नतिजाअनुसार ४१७९ जनाले ३.६ देखि ४ जिपिए ल्याएका छन् । त्यस्तै ३०१०७ जनाले ३.२ देखि ३.६ जिपिए ल्याएका छन्। ६५२८८४ जनाले २.८ देखि ३.२० जिपिए ल्याएका छन्। ६४०९३ जनाले २.४ देखि २.८ जिपिए ल्याएका छन्। १०९०० जनाले २.१ देखि २.४ जिपिए ल्याएका छन्। त्यस्तै १.६. २ जिपिए ल्याउने ३५ जना छन्। नन ग्रेड तर्फ १ लाख ८८ हजार ४१० छन् । ग्रेड बृद्धिका लागि १ लाख ३० ८७८ जनाले दिन पाउनेछन्। जम्मा ३ लाख ६३ हजार ८ जनाले परीक्षा दिएका थिए । बोर्डले यो पटक नन ग्रेडिङ अनुसार नतिजा प्रकाशन गरेको हो । प्रयोगात्मक परीक्षामा ४० प्रतिशत र सैद्धान्तिक परीक्षामा ३५ प्रतिशत भन्दा बढी अंक नल्याएका विधार्थि फेल भएका छन् । त्यो भन्दा कम अंक ल्याएको खण्डमा पुनः परीक्षा दिनुपर्ने बोर्डले जनाएको छ । २ विषय लागेकाले असोज ३० र ३१ गते ग्रेड बृद्धिका लागि परीक्षा दिन पाउने बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारि दिए । बोर्डको आफ्नै वेबवाइट http:nep.gov. मा गएर नतिजा हेर्न सकिने छ । त्यस्तै नेपाल टेलिकमको वेबसाइट https : neb.ntc.net.np मा गएर आफ्नो सिम्बल नम्बर र जन्ममिति राखेर नतिजा हेर्न सकिनेछ। त्यस्तै आईभीआर सिस्टम लेण्डलाइन र मोबाइलबाट १६०१ डायल गर्दै नतिजा हेर्न सकिने बोर्डले जनाएको छ। त्यस्तै १६०० मा एसएमएस गरेर पनि नतिजा हेर्न सकिनेछ ।

## राष्ट्रपतिबाट फिर्ता भएको नागरिकता विधेयक राष्ट्रियसभाबाट पनि पारित

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १७ भाद्र



राष्ट्रियसभाले राष्ट्रपतिबाट फिर्ता गरिएको नागरिकता विधेयकलाई जस्ताको तस्तै पारित गरेको छ। विधायन व्यवस्थापन समितिमा आवश्यक छलफलपछि राष्ट्रियसभामा पेस गरिएको विधेयकलाई शुक्रबार बहुमतले पारित गरिएको हो । बैठकमा गृहमन्त्री बालकृण खाणले नेपाल नागरिकता पहिलो संशोधन विधेयक २०७९ प्रस्तुत रुपमा पुनः पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए। सो प्रस्ताव बहुमतले पारित भएको राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले घोषणा गरे । सो विधेयक यसअघि प्रतिनिधिसभाबाट पारित भएको थियो । त्यसअघि गृहमन्त्री बालकृष्ण खाणले छलफलमा उठेका प्रश्नको जवाफ दिएका थिए । उनले केपी ओली नेतृत्वको तत्कालीन सरकारले ल्याएको अध्यादेश अनुसार नै विधेयक ल्याइएको जिकिर गरेका थिए । उक्त अध्यादेशमा नरहेको तर विभिन्न राजनीतिक दलका नेताहरुसँग भएको छलफलका आधारमा सरकारले संविधानमा उल्लेखित प्रावधानअनुसार नै विधेयकमा सार्क सदस्य राष्ट्रभन्दा बाहिर बस्दै आएका गैर आवासीय नेपालीलाई नागरिकता दिने प्रावधान राखिएको उनले बताए। उनले नागरिकता विधेयक पारित नहुँदा कयौं अनागरिकले नागरिकता नभएकै कारण राहदानी बनाउन नसकी वैदेशिक रोजगारीमा जान नपाएको, सिप भएर पनि सवारी चालक अनुपतिपत्रका लागि आवेदन दिन नपाएको, प्यान नम्बर नहुँदा व्यापार व्यवसाय सञ्चालन गर्न नपाएको स्मरण गराए ।

## लोसपालाई सत्ता गठबन्धनले भाउ दिएन

जलेश्वरटुडे समाचारदाता
धनुषा, १७ भाद्र



एकातिर सत्ता गठबन्धनमा जोडिने प्रयास सफल नभएको र अर्कातिर प्रमुख प्रतिपक्षी दल एमालेसँग एजेन्डा नमिलेका कारण लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बिलखबन्दमा परेको छ। आफूलाई मधेशको मूलधार दाबी गर्ने र प्रभावशाली नेताहरू समेटिएको लोसपा आसन्न चुनावमा 'कर्नर'मा पर्ने देखिएको हो । गठबन्धनमा सीट बाँडफाँट अन्तिम चरणमा पुगेका बेला लोसपा सत्ता गठबन्धनसँग तालमेल गर्ने कि एमालेसँग भनेर निर्णयमा पुग्न सकेको छैन। त्यस विषयमा लोसपाका नेताहरू नै विभाजित देखिएका छन्। केही नेताहरू 'डेमोक्र्याटिक' गठबन्धन बनाउने गरी अहिलेको सत्ता गठबन्धनमै जाँदा ठीक हुने तर्क गरिरहेका छन् भने केहीले सत्ता गठबन्धनले अपेक्षित सीट नदिने हुँदा एमालेसँग मिल्नुपर्ने तर्क गरि रहेका छन् । तर, नागरिकता विधेयकको विरोध गरेर एमालेले 'राष्ट्वाद'को कार्ड खेलेका कारण ऊसँग गठबन्धन गरेर जाँदा मधेशमा अप्ठ्यारो स्थिति आउन सक्ने चिन्ता पनि पार्टीभित्र देखिन्छ । यसबीचमा लोसपा सत्ता गठबन्धनमा मात्र हैन, सरकारमै सामेल हुन सक्ने चर्चा पनि चलेको थियो। तर, प्रधानमन्त्री शेरबहादुर देउवाले अहिलेसम्म सरकारमा सहभागिताका लागि औपचारिक प्रस्ताव नै नगरेको नेताहरू बताउँछन् । 'प्रधानमन्त्रीज्यूले औपचारिकरूपमा सरकारमा आउन प्रस्ताव नै गर्नुभएको छैन । बरु हाम्रै पार्टीका केही नेताले जसरी पनि सरकारमा जानुपर्छ भनेर लबिङ गरिरहनुभएको छ,' लोसपाका एक नेताले भने । लोसपाबारे कांग्रेसमा पनि दुई धार !विगत दुई महिनायता लोसपा अध्यक्ष महन्थ ठाकुरसहितका शीर्ष नेताहरूले वार्ता तथा संवाद गर्न भन्दै १२ पटकभन्दा बढी प्रधानमन्त्री निवास बालुवाटारको दौड लगाइसकेका छन्। अधिकांश भेट कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री देउवाकै आमन्त्रणमा भए पनि कुराकानी उपलब्धिमूलक भने हुन सकेको छैन । कांग्रेसका केही नेताहरू उपेन्द्र यादवले नेतृत्व गरेको जनता समाजवादी पार्टीलाई सरकारसहित गठबन्धनबाटै निकाल्नुपर्ने लाइनमा देखिन्छन् । अर्कातर्फ जसपा मधेशमा बलियो शक्ति भएको तथा अहिलेको सरकार निर्माणमा समेत महत्त्वपूर्ण भूमिका खेलेकाले उपेन्द्र यादवलाई चिढ्याउन नहुने लाइन पनि कांग्रेसभित्र छ । प्रधानमन्त्री देउवा उपेन्द्रलाई नचिढ्याइ लोसपालाई साथ लिएर जानुपर्ने मनस्थितिमा रहे पनि गठबन्धनका अन्य नेताका कारण यो प्रयासले सार्थकता पाउन नसकेको लोसपाका एक शीर्ष नेताले दाबी गरे । 'लोसपालाई ल्याउने हो भने कांग्रेसले आफ्नो भागबाट सीट दिनुपर्छ भनेर कांग्रेसबाहेक गठबन्धनका नेताहरूको अडान छ,' लोसपाका ती नेताले भने, 'खास गरेर प्रचण्डजीले खासै चासो देखाउनु भएको पाइएन । सोही कारण पनि गठबन्धनमा सहभागिताबारे निर्णय हुन नसकिरहेको हाम्रो बुझाइ छ ।' जसपा र लोसपा दुवैलाई गठबन्धनमा राख्दा मधेशमा सीट बाँडफाँट थप जटिल बन्ने चिन्ता प्रचण्डसहित गठबन्धनका नेताहरूलाई छ । गठबन्धनको बिहीवारको बैठकमा जसपा अध्यक्ष उपेन्द्र यादव अलि कडारूपमा प्रस्तुत भएको स्रोतको दाबी छ । गठबन्धन गरेपनि ९ सीट जित्ने, जसपा एक्लै लड्दा पनि ९ सीट जित्ने हिसाब पेश गर्दै उपेन्द्रले गठबन्धनबाट बाहिरिन सक्ने चेतावनी समेत दिइसकेका छन् ।

## निधि क्षेत्रीय समितिद्वारा समानुपातिकमा सिफारिस

जलेश्वरटुडे समाचारदाता
धनुषा, १७ भाद्र



पूर्व गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको नाम समानुपातिक तर्फबाट सिफारिस भएको छ। उनको नाम धनुषा निर्वाचन क्षेत्र नम्बर ३ को क्षेत्रीय समितिले प्रतिनिधिसभाका लागि समानुपातिकमा सिफारिस गरेको मधेश प्रदेशका नेपाली कांग्रेस प्रचार विभाग प्रमुख नीतीशकुमार गुप्ताले जानकारी दिए । यसअघि ०७४ सालको निर्वाचनमा निधि लोसपा नेता राजेन्द्र महतोसँग पराजित भएका थिए। यसपटक पनि आफू अनुकूल चुनावी परिणाम नआउने संकेत पाएपछि निधि समानुपातिकमा रहेर सिट सुरक्षित गर्न चाहेका थिए । त्यसको जानकारी उनले पार्टी सभापति शेरबहादुर देउवालाई गराइसकेका उनी निकट एक नेताले जनाए। राजेन्द्र महतोले आगामी मंसिर ४ को प्रतिनिधिसभा निर्वाचनमा धनुषा ३ सँगै सर्लाहीको ४ र २ मा पनि चुनाव लड्न प्रस्ताव आएको बताएका छन् । उनी कहाँबाट निर्वाचन लड्छन् भन्ने टुङ्गो अहिले भइनसकेको छ ।

## धुम्रपान नगरौं,स्वस्थ्य जीवन बाँचौं

- धुम्रपानले मुटु ,दम,स्वासप्रश्वास,क्यान्सर लगायत दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू,परिवार,समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्याउँछ । त्यसैले, धुम्रपान नगरौ स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ'

## कपाल फुल्नबाट कसरी बच्ने ?

कपालले हाम्रो सौन्दर्यलाई दोब्बर बनाउँछ। तर कपालको हेरचाह नगर्ने हो भने समय नपुग्दै कपाल सेतो हुन सक्छ। सेतो कपालले समयभन्दा पहिले नै बूढो देखिन्छ। कपालमा केमिकलको अत्यधिक प्रयोग, कपालमा पोषणको कमी आदि जस्ता धेरै यस्ता कारण छन् जसले कपाल सेतो हुने गर्दछ। जीवनशैलीमा केही आवश्यक परिवर्तनहरू गरेर, तपाईंले आफ्नो छाला र कपालमा परिवर्तन देख्नुहुनेछ। यदि तपाई समय भन्दा पहिले नै कपाल फुल्नबाट जोगिन चाहनुहुन्छ भने, यी तरिका अपनाउन सक्नुहुन्छ।

**१. धुम्रपान छोड्नुहोस्**

धुम्रपानले कपाल छिट्टै नै फुल्ने गर्दछ। चुरोटमा पाइने टक्सिनले कपालको फोलिकल्सलाई नोक्सान पुऱ्याउँछ। समयपूर्व बुढ्यौलीको समस्याबाट छुटकारा पाउन धुम्रपान त्याग्नुहोस्।

**२. रसायनको अत्यधिक प्रयोग नगर्नुहोस्**

यदि तपाई धेरै खालको हेयर प्रडक्टस प्रयोग गर्नुहुन्छ भने तपाईंको कपाल छिट्टै फुल्न सक्छ। यी उत्पादनमा भएका केमिकल्सले कपाललाई बिगार्छ र छिटै फुल्ने समस्या निम्त्याउन सक्छ। धेरै खालका उत्पादन प्रयोग गर्दा कपाल ड्राइ'पनि हुनसक्छ।

**३. कपालमा तेल लगाउनुहोस्**

कपालमा तेल नलगाउँदा कपाल फुल्ने गर्छ। हप्तामा कम्तिमा दुई पटक कपालमा तेल लगाउनु पर्छ। तेलबाट कपाललाई पोषण मिल्छ। कपालमा बदामको तेल, नरिवलको तेल, जैतुनको तेल आदि लगाउन सक्नुहुन्छ।

**४. पौष्टिक आहार लिनुहोस्**

खानामा पोषक तत्वको कमीका कारण कपाल फुल्ने समस्या हुन सक्छ। खानामा भिटामिन ए, भिटामिन ई, भिटामिन डी आदिको कमीले कपाल फुल्न सक्छ। भिटामिन, मिनरल्स र अत्यावश्यक पौष्टिक तत्व भएको खाना खानुपर्छ।

**५. घाममा लामो समयसम्म नबस्नुहोस्**

यदि तपाई लामो समयसम्म घाममा बस्नुभयो भने, तपाईंको कपाल छिट्टै सेतो हुन सक्छ। पराबैंगनी किरणले हाम्रो कपाललाई हानी गर्छ। लामो समय घाममा बस्ने बानी छ भने यो बानी बदल्नुहोस्। कपाललाई घामबाट जोगाउन छाता वा स्कार्फ लगाएर बाहिर निस्कनुपर्छ। कपाल स्वस्थ राख्नको लागि दैनिक स्वस्थ आहार लिनुहोस् र कपालको सरसफाइमा ध्यान दिनुहोस्।


## रामगोपालपुर नगरपालिकाको अपिल




रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी


### तपाईंको टुडे

मेष: चिन्ता बढ्ने

वृष: मिष्ठान्न भोजनको योग

मिथून: खुशि प्राप्ति

कर्कट: सहयोग प्राप्ति

सिंह: कान्ति क्षय

कन्या: शत्रुता बढ्ने

तुला: लाभ प्राप्ति

वृश्चिक: भाग्य उदय

धनु: ईर्ष्या बढ्ने

मकर: स्वास्थ्य लाभ

कूम्भ: अध्ययनमा रुचि बढ्ने

मीन: भ्रमणको योग


### मधेस प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,जनकपुरधाम–४,धनुषा




### आवश्यक टेलिफोन नम्बरहरु



#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| घरआँगन नेपाल जलेश्वर एम्बुलेन्स – | ९८४४३२७१००/९८१०३७८७६५ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

## आसिफको शतकसँगै केन्यामाथि नेपालको सानदार जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १७ भाद्र**



ओपनर आशिफ शेखको शतक र अर्जुन साउद बलियो साझेदारीको बलमा नेपालले पहिलो एकदिवसीयमा केन्यामाथि ७ विकेटको सानदार जित पारेको छ। २१९ रनको लक्ष्य नेपालले ३ विकेट क्षतिमा ४७.३ ओभरमा भेट्टायो । ओपनरद्व आशिफ र अर्जुनले पहिलो विकेटका लागि १४१ रनको साझेदारी गरी नेपालको जित आधार तय गरेका थिए । एकदिवसीय क्रिकेटमा नेपालको यो अहिलेसम्मकै उच्च साझेदारी हो । यसअघि गत चैतमा पपुवा न्युगिनीविरुद्ध देव खनाल र दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटका लागि १२९ रनको साझेदारी गरेका थिए । यद्यपि केन्याको एकदिवसीय मान्यता नभएका कारण यो खेलको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता हुँदैन । नेपालका लागि सिनियर टिमबाट पहिलो एकदिवसीय खेल खेलेका अर्जुनले ९७ बलमा ५ चौका र १ छक्कासहित ६१ रनको अर्धशतकीय पारी खेले । आशिफले दोस्रो विकेटका लागि ज्ञानेन्द्र मल्लसँग मिलेर थप ५७ रनको साझेदारी गरे। ४३.५ ओभरमा केन्याका डेब्युटेन्ट विशाल पटेलको बलमा बोल्ड हुनुअघि आशिफले १२० बलमा १२ चौका र २ छक्कासहित ११० रनको लामो पारी खेले। लगत्तै अर्को ओभरमा ज्ञानेन्द्र पनि २४ रनको व्यक्तिगत स्कोरमा आउट भए। उनले ५० बलमा १ चौका प्रहार गरे । त्यसपछि आएका दीपेन्द्र सिंह ऐरीले अविजित १९ र कप्तान र ोहितकुमार पौडेलले अविजित ३ रन बनाए । यसअघि नैरोवीस्थित जिमखाना मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोलीले ४८.१ ओभरमा अलआउट हुँदै २१८ रनको योगफल खडा गरेको थियो । सुरुवाती ४ विकेट सस्तैमा गुमाए पनि मध्यक्रमका राकेप पटेल र कोलिन्स यबुयाले अर्धशतक बनाएपछि केन्या सम्मानजनक अवस्थामा पुगेको थियो । पाँचौं विकेटका लागि राकेप र कोलिन्सले १३० रनको शतकीय साझेदारी गरी पारी उकासेका थिए। राकेपले ७५ बलमा ७ चौका र २ छक्कासहित ६७ रन बनाए । कप्तान रोहितले रनआउट गर्नुअघि कोलिन्सले ११६ बलमा ४ चौका र २ छक्कासहित ६२ रनको संयमित पारी खेले। इरफान करिमले ३१ र सचिव बोधियाले २७ रन थपे । बलिङतर्फ सोमपाल कामी र करण केसीले ३-३ विकेट लिए। आदिल आलम र पवन सरफिले १-१ विकेट लिए ।

## रिलिज हुन सकेको थियो दिलिप कुमारको यो फिल्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १७ भाद्र**



'गंगा जमना' निर्माताका रूपमा दिलीप कुमारको पहिलो फिल्म थियो, तर यो फिल्म बनाएपछि उनको अनुभव यति खराब भयो कि उनले फेरि फिल्म बनाउन कान समाते। त्यतिबेला बिवी केसकर सूचना तथा प्रसारण मन्त्री थिइन् ।

उनको मातहतमा रहेको सेन्सर बोर्डमा चलचित्र 'गंगा जमना' देखाउँदा २ सय ५० कट गर्न सिफारिस गरेको थियो । फिल्ममा अत्यधिक अश्लीलता र हिंसा देखाइएको बताइयो। दिलीप कुमारले सेन्सर बोर्डलाई लाखौं स्पष्टीकरण दिए तर उनीहरु आफ्नो निर्णय बदल्न तयार भएनन्। उनले सेन्सर बोर्डलाई १२० पृष्ठको ज्ञापनपत्र पनि दिए तर उनीहरुले त्यो हेर्नसमेत आवश्यक ठानेनन् । मेघनाद देसाईले दिलीप कुमारको जीवनीमा लेख्छन्, 'सेन्सर बोर्डले फिल्मको मृत्युको दृश्यमा आपत्ति जनाएको थियो जसमा एक चोरलाई महात्मा गान्धीले नाथुराम गोडसेबाट गोली खाएपछि भनेका अन्तिम शब्दहरू भनिरहेको देखाइएको थियो। जब कुनै विकल्प थिएन भने, उनले प्रधानमन्त्री जवाहरलाल नेहरूको सहयोग लिने निर्णय गरे ।'

## साउन महिनामा भित्रियो ९२ लाख किलो स्याउ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १७ भाद्र**



चालू आर्थिक वर्षको साउन महिनामा विदेशबाट ९२ लाख किलोग्राम स्याउ भित्रिएको छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष २०७९/८० को साउन महिनामा उक्त परिमाण बराबरको ६९ करोड ८७ लाख रुपैयाँभन्दा बढीको स्याउ भित्रिएको हो । आयातकर्ताले उक्त मूल्य बराबरको स्याउ आयात गर्दा राज्यलाई १० करोड २ लाख रुपैयाँ बराबरको राजश्व बुझाएका छन् । यस अवधिमा भारतबाट सबैभन्दा धेरै स्याउ भित्रिएको छ। विभागका अनुसार भारतबाट ४३ करोड ५० लाख बराबरको ६५ लाख कित्ता स्याउ भित्रिएको छ। यस्तै, चीनबाट २६ करोड ३७ लाख रुपैयाँ बराबरको २६ लाख ९२ हजार किलोग्राम स्याउ भित्रिएको छ । भारतबाट स्याउ आयात हुँदा राज्यकोषमा ६ करोड १२ लाख रुपैयाँ र चीनबाट आयात हुँदा राज्यकोषमा ३ करोड ८९ लाख रुपैयाँ राजश्व जम्मा भएको छ ।

## बाढीका कारण पाकिस्तानमा झण्डै आठ लाख पशुको मृत्यु

**एजेन्सी**
**पाकिस्तान, १७ भाद्र**



विगत केही हप्तादेखि आएको मूसलधारे मनसुनी वर्षाले शताब्दी लामो रेकर्ड तोडेको छ । साथै केही प्रान्तहरूमा विगत ३० वर्षको औसतभन्दा पाँच गुणा बढी पानी परेको बताइएको छ जसबाट १,२०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ । त्यस्तै बाढीले ११ लाखभन्दा भन्दा बढी घरहरू क्षति पुर्याएको छ भने थुप्रै घरहरू बगाएको छ । थुप्रै पूर्वाधारहरू नष्ट भएका छन् । विद्यालय र अस्पतालहरू भत्किएका छन् । कम्तीमा १८ हजार विद्यालयमा क्षति पुगेको छ। 'हामीले अनुमान गरेका छौं कि १ करोड ६० लाख बालबालिका त्यसबाट प्रभावित छन् र तीमध्ये ३४ लाख बालबालिकालाई मानवीय सहयोगको खाँचो छ' युनिसेफका पाकिस्तानी प्रतिनिधि अब्दुल्लाह फादिलले जेनेभाको प्यालेस डेस नेशनमा आजको पत्रकार सम्मेलनमा उल्लेख गरेका छन् । हाल पानीजन्य घातक रोगहरू छिटो फैलिने उच्च जोखिम छ । झाडापखाला, हैजा, डेंगु, मलेरिया सङ्क्रमणको उच्च जोखिम छ। शौचालयको अभावमा बाढी पीडितहरू रूपमा खुलारूपमा दिसा(पिसाब गर्न बाध्य छन् । राहत र उद्धार कार्यहरू अगाडि बढाउन निकै कठिन भएको छ । करिब १६० पुलहरू र पाँच हजार किलोमिटर सडकखण्ड क्षतिग्रस्त भएका छन् । पैतीस लाख एकड बाली प्रभावित भएको छ भने र लगभग आठ लाख पशुहरू मरेका छन्। कठिनताका बाबजुत उद्धार र राहत कार्य भने जारी रहेको युनिसेफले बताएको छ । युनिसेफका प्रतिनिधिले चिकित्सा उपकरण, अत्यावश्यक औषधि, खोपहरू, सुरक्षित पिउने पानी, स्वच्छता किटहरू, लामखुट्टे विरुद्धका उपायहरू र डेलिभरी किटहरू उपलब्ध गराउन जारी राख्नको लागि यी कोष र स्रोतहरूको तुरुन्तै आवश्यकता रहेको बताएका छन् ।





जिरा भवानी गाउंपालिकाको कार्यालय,पर्सा




कालिकामाई गाउंपालिकाको कार्यालय,पर्सा

कामनी व्यूटी पार्लर



यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर ,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# आचारसंहिता उल्लंघन गर्ने पत्रकारको दर्ता खारेज हुने

**– रघुनाथ बजगाई**

राष्ट्रिय सभाबाट पारित भएर आएको 'नेपाल मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' प्रतिनिधिसभामा अगाडि बढेको छ । पूर्ववर्ती सरकारले समाचार लेखेकै आधारमा पत्रकारलाई १० लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने लगायतका प्रावधान समेटेर २७ वैशाख २०७६ मा राष्ट्रिय सभामा यो विधेयक दर्ता गरेको थियो । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले विधेयकमाथिको दफावार छलफलका क्रममा 'पत्रकारिता गर्नका लागि छुट्टै परीक्षा पास गरेर लाइसेन्स लिनुपर्ने' प्रावधान थपेर पारित गरेको थियो । तर, यी दुबै प्रावधान हटाएर राष्ट्रिय सभाले २७ साउन २०७८ मा पारित गरेर पठाएको विधेयक एक वर्षपछि प्रतिनिधिसभामा अघि बढेको हो । शुक्रबार प्रतिनिधिसभाले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाका अनुसार अब ७२ घण्टाभित्र सांसदहरुले विधेयकमाथि संशोधन प्रस्ताव राख्न सक्छन् । विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरुले पत्रकारितालाई मर्यादित र व्यवस्थित बनाउनुपर्ने बताएका थिए । जवाफमा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भने 'मिडियालाई स्वच्छ, स्वतन्त्र र मर्यादित बनाउन र पेशागत आचरण कायम गर्नका लागि विधेयकको आवश्यकता महसुस गरिएको हो ।' उनले विधेयक पारित भएर ऐनका रुपमा लागू भएपछि पत्रकारिता पेशा थप व्यवस्थित बन्ने विश्वास व्यक्त गरे ।

**मिडिया काउन्सिल स्वायत्त**

सुरुमा आएको विधेयकमा 'स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि स्वतन्त्र नियमनकारी भूमिका निर्वाह गर्न नेपाल मिडिया काउन्सिल रहने' उल्लेख थियो । अहिले पनि प्रेस काउन्सिल छ । यसको नाम बदलेर मिडिया काउन्सिल बनाउने प्रस्तावित व्यवस्थालाई निरन्तरता दिँदै राष्ट्रिय सभाले मिडिया काउन्सिललाई नियमनकारी निकायका रुपमा नभइ स्वायत्त निकायको रुपमा रहने बनाएको छ । स्वतन्त्र र नियमनकारी' भन्ने शब्दहरुको सट्टा 'स्वतन्त्र र स्वायत्त नियमनकारी निकायको रुपमा' भन्ने शब्दहरु थप गर्ने' राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधिसभामा पठाएको विधेयकमा उल्लेख छ । प्रेस काउन्सिललाई मिडिया काउन्सिल बनाउँदै गर्दा मिडिया काउन्सिलले आवश्यकता अनुसार प्रदेशमा शाखा कार्यालय खोल्न सक्ने अधिकार प्रत्याभुत गरिएको छ । विधेयक अनुसार मिडिया काउन्सिल अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा रहनेछ । काउन्सिलको आफ्नो छुट्टै छाप हुनेछ । काउन्सिलले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न पाउनेछ । काउन्सिलले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र काउन्सिल उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ । आचार संहिता विपरीत कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको ठहर भएको खण्डमा अदालत जान सक्ने बाटो खुला गरिएको छ ।

**विधागत आचारसंहिताको अवधारणा**

राष्ट्रिय सभाले पारित गरेर पठाएको विधेयकले विधागत आचार संहिताको अवधारणा अगाडि सारेको छ । जस अनुसार अनलाइन पत्रकारिताको लागि छुट्टै आचार संहिताको परिकल्पना गरिएको छ । काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न अनलाइन पत्रकारिता, छापा पत्रकारिता, प्रसारण पत्रकारिता र साहित्यिक पत्रकारिताको लागि छुट्टाछुट्टै वा एकीकृत संहिता बनाइ लागू गर्नेछ', विधेयकमा उल्लेख छ । काउन्सिलले जारी गरेको आचार संहिताको पालना गर्नु प्रत्येक आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुनेछ । ऐन बमोजिमको आचार संहिताको पालना गरे/नगरेको सम्बन्धमा काउन्सिलले अनुगमन गर्नेछ । काउन्सिलले आचार संहिताको पालनाको लागि निर्देशन पनि दिन सक्नेछ । प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुने पनि ऐनमै उल्लेख छ । आचार संहिता उल्लंघन गरेको सूचना वा जानकारी प्राप्त भएमा अध्ययन गरी ऐन बमोजिम कारबाही गर्न सक्ने अधिकार काउन्सिललाई छ । साथसाथै, प्रस्तावित विधेयक अनुसार मिडिया काउन्सिलले जारी गरेको आचार संहिताको अधिनमा रही प्रत्येक आम सञ्चार माध्यमले आ-आफ्नो लागि आचार संहिता बनाइ लागू गर्नुपर्ने हुन्छ ।

**आचारसंहिता पालनामा कडाइ :** राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विधेयकको दफा १६ मा 'आचार संहिताको पालना, अनुगमन तथा कारबाही' व्यवस्था छ । जहाँ आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददाताले काउन्सिलले जारी गरेको आचार संहिता उल्लंघन गरेको विषयमा सरोकारवाला कुनै पनि व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्ने उल्ल्लेख छ । उजुरी लिखित रूपमा वा विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ । प्राप्त उजुरी उपर जाँचबुझ गरी निर्णय लिन सक्नेछ । प्राप्त आचारसंहिता उल्लंघनको सूचना वा जानकारी काल्पनिक, आधार हीन वा झुट्टा देखिएमा काउन्सिलले आधार र कारण खुलाई उजुरी, सूचना वा जानकारीलाई खारेज गर्नुपर्ने हुन्छ । सुरुमा आएको विधेयकमा प्राप्त आचारसंहिता उल्लंघनको सूचना वा जानकारी काल्पनिक, आधार हीन वा झुट्टा देखिएमा तामेलीमा राख्ने निर्णय गर्न सक्ने उल्लेख थियो । यसलाई बदलेर राष्ट्रिय सभाले 'तामेली' भन्ने शब्दको सट्टा 'खारेज गर्ने' राखेको छ । जाँचबुझ गर्दा आचार संहिता उल्लंघन गरेको देखिने आधार भए आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददातालाई काउन्सिलले कारबाही गर्न सक्नेछ । कारबाही अन्तर्गत उजुरी गर्ने पक्षसँग मेलमिलाप गराउने, उजुरीकर्ताको भनाइ सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्न लगाउन सक्छ । कारबाही अन्तर्गत नै नेपाल सरकारबाट पाउने सहुलियत, लोक कल्याणकारी विज्ञापन वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्ने, काउन्सिलको निर्णय वा निर्देशन पालन नगर्ने आमसञ्चार माध्यम र त्यसमा संलग्न प्रकाशक, सम्पादक, पत्रकार सम्वाददाताको नाम सहितको सूची तयार गरी सार्वजनिक गर्न सक्ने लगायतका उल्लेख छ । साथसाथै आचारसंहिता उलंघन गर्ने पत्रकारको दर्ता निलम्बन हुनेसम्मको प्रावधान राखिएको छ । आचारसंहिता उलंघन गर्ने आम सञ्चारमाध्यम, प्रकाशक, सम्पादक पत्रकार वा संवाददातालाई काउनिसलले सोझै सचेत गराउन सक्नेछ ।

'आचारसंहिता उलंघन गर्ने सम्पादक, पत्रकार वा सम्वाददाताको पत्रकारको दर्ता प्रमाणपत्र निलम्बन' काउन्सिलले जाँच बुझ गरी निर्णय गर्ने खण्डमा राष्ट्रिय सभाले थप गरेको छ, 'दर्ता प्रमाणपत्र खारेज गर्ने ।' हाल पत्रकारहरुले प्रेस पास प्रतिनिधि लिँदा सूचना विभागमा दर्ता हुन्छ र दर्ता नम्बर प्राप्त गर्दछन् ।



प्रस्तावित विधेयकले मिडिया काउन्सिलमा पनि पत्रकारको दर्ता हुने कल्पना गरेको छ । प्रेस काउन्सिलका प्रवक्ता दिपक खनाल 'विधेयक पारित भएर ऐन बनेपछि तयार हुने विनियमावलीमा काउन्सिलमा पनि पत्रकारको दर्ता गर्ने परिकल्पना सरकारले गरेको हुन सक्ने र सोही निलम्बन वा खारेज गर्न सक्ने अधिकार काउन्सिललाई दिन खोजिएको हुन सक्ने' बताउँछन् ।

**जरिबाना हटाएर मेलमिलाप**

सुरुमा आएको विधेयकमा संप्रेषित सामग्रीले कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिए काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददातालाई २५ हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख थियो । कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासीव क्षतिपूर्ति भराइदिन सक्ने भनिएको थियो । समाचार लेखेकै आधारमा पत्रकारलाई १० लाखसम्म जरिवाना हुन सक्ने व्यवस्थाले प्रेस स्वतन्त्रतालाई संकुचनमा पार्ने भन्दै विरोध भएपछि राष्ट्रिय सभाले बदलेको छ । 'जरिबाना गरी क्षतिपूर्ति भराइ दिन सक्ने' भन्ने शीर्षक नै हटाएर 'मेलमिलाप गराउने' भन्ने राखिएको छ । संशोधित व्यवस्था अनुसार प्राप्त उजुरी जाँचबुझ गर्दा 'काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत रहेको र त्यसले कसैको 'मर्यादा वा प्रतिष्ठामा आँच पुयाएको देखिए काउन्सिलले सम्बन्धित आमसञ्चार संस्था र उजुरीकर्ताको बीचमा मेलमिलाप गराउन सक्नेछ ।' मेलमिलाप गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने भनिएको छ । काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको ठहर भएको खण्डमा अदालत जान सक्ने बाटो खुला गरिएको छ । "कुनै व्यक्तिको मर्यादामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानी नोक्सानी पुऱ्याएको देखिएमा सम्बन्धित अदालतले मनासिब क्षतिपूर्ति उपलब्ध गराउन त्यस्तो आमसञ्चार संस्थालाई आदेश दिन सक्नेछ' राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विधेयकमा उल्लेख गरिएको छ । साभार अनलाइनखबर







प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : जय दुर्गा अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक),विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday